**वनगाड कुपिण्डे नगरपालिकासल्यान**
**कर्णाली प्रदेश**
**नगरसभाको तेह्रौ अधिवेशनमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम**
**मिति : २०८०।०३।१०**

**प्रस्तुतकर्ता**
**नगर प्रमुख श्री कर्ण बहादुर बुढाथोकी**

**नगरसभा सदस्य ज्युहरु**

नेपालको संविधानले दिएको संवैधानिक अधिकारको प्रयोग गर्दै, नेपालको संविधानको प्रस्तावनाको मर्म र भावनालाई आत्मसातगर्दै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिकारलाई प्रयोग गर्दै नेपालको पन्ध्रौं योजनाका दीर्घकालीन लक्ष्यहरुलाई आदर्शको रुपमा आत्मसाथ गर्दै, दिगो विकासका लक्ष्य (सन् २०१६-२०३०) लाई समेत मध्यनजर गर्दै,

सार्वभौमसत्ता सम्पन्न जनता र जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरुको हैसीयतले **वनगाड कुपिण्डे नगरपालिकको** यस गरिमामय नगरसभा समक्ष नगरपालिकाको आ ब २०८०।८१ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्व लागेको छ । यस अवसरमा अधिकार प्राप्तिका लागि भएका महान जनयुद्ध, जनआन्दोलन, प्रदेश स्थापनाको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात महान् शहीदहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । यस क्रममा सहिद परिवार, बेपत्ता योद्धा, घाइते अपाङ्ग भएका योद्धा र जनमुक्ति आन्दोलनमा सहभागी भई ऐतिहासिक योगदान पुर्‍याउने महान् जनसमुदायहरुप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

## आर्थिक बर्ष २०७९।०८० को निति तथा कार्यक्रमको समिक्षा

### सामाजिक विकास क्षेत्र

- शिक्षा क्षेत्रलाई व्यवहारिक तथा जिबन उपयोगी बनाउन स्थानीय पाठ्यक्रम , र पञ्चबर्षिय शैक्षिक योजना तयार गरिएको छ ।
- राष्ट्रका लागि खेलकुद ,स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथै वडा कप , मेयर कप ,राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सन्चालन गरिएको छ ।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत भवन पूर्वाधार र ICT LAB व्यवस्थापन गरिएको छ ।
- १५ शैया अस्पताल निर्माणको कार्य तिव्र गतिमा चलिरहेको छ ।
- दुर्गम र पँहुच नभएका वस्तीहरुमा शहरी स्वास्थ्य क्लिनिक स्थापना गरिएको छ ।
- ७ वटै स्वास्थ्य संस्थामा मानसिक स्वास्थ्य सेवा विस्तार गरिएको छ ।
- सवै स्वास्थ्य संस्थावाट eLMIS system लागु गरिएको छ ।
- वर्थिङ सेन्टरमा ग्रामीण अल्ट्रा साउण्ड Vedio x-ray सुरु गरिएको छ ।
- स्वास्थ सँस्था बाट दिईने सुविधालाइ मध्यनजर गर्दै सवै स्वास्थ्य संस्थामा दरवन्दि पदपुर्ति गरिएको छ।

- न्यायिक समितिमा पहिले देखि  रोकी  राहेका बिबादहरुको न्याय निरुपन गरियको छ  ।
- आफ्नो स्वास्थ्यको आफै ख्याल गरौ भनेर विभिन्न स्थानमा योग शिविर संचालन गरिएको छ ।
- वडा कार्यलयबाटै ७० वर्ष माथिका जेष्ठ नागरिक लाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यको थालनि गरिएको छ ।

## आर्थिक विकास क्षेत्र

- माझकाडा निगालचुला कुपिण्डे र घाँजरिपिपल लाई मध्यनजर गर्दै ढोर पिपलमा पशुसेवा उपकेन्द्र र कृषि सेवा उपकेन्द्र संचालन गरिएको छ  ।
- नगदेबालिहरुलाई उचित मुल्य व्यवस्थापन दिन टिमुर ड्राइहाउस निर्माण गरिएको छ  ।
- पकेटक्षेत्र विकास कार्यक्रम अन्तर्गत वनगाड कुपिण्डे लाई बाख्रा पकेट क्षेत्र घोषणा गर्ने गरि बाख्रा पकेट कार्यक्रम संचालन गरिएको छ  ।
- ग्रामिण क्षेत्रमा आय आर्जन बढाउने उद्येश्वले  लघुउदम कार्यक्रम अन्तर्गत मौरि पालन, डल निर्माण मसला प्याकेजिङ उत्पादन ,र्यास्प्रिटङ कार्यक्रम संचालन गरिएको छ  ।

## पुर्वाधार  विकास क्षेत्र

- आफ्नै वडा कार्यालय वाट सेवा प्रदान गर्ने गरि आफ्नै वडा कार्यालय भवन निर्माण कार्य सुरु गरिएको छ  ।
- दुर्गम क्षेत्रका बस्तिहरुलाई वडा केन्द्र र नगरपालिका सम्म पहुचँ पुग्ने गरि सडक विस्तार कार्य सुरु गरिएको छ ।
- सबैका लागि दिगो खानेपानि SUSWA संगको सहकार्यमा खानेपानिको पहुचँ पुर्याउने  गरि WASH PLAN निर्माण  गरिएको छ  ।
- आफ्नै नगरमा दक्ष जनशक्ती उत्पादन गर्ने उद्देश्य ले डकर्मी तालिम संचालन गरिएको छ  ।
- सिचाईमा पहुँच पुर्याउने उत्पादन वृद्धि हुने गरि सिचाई आयोजना निर्माण गरिएको छ  ।
- भिरालो जग्गाको खेतिपाति र माटो बचाउने उद्देश्य ले गह्रा सुधार कार्यक्रम संचालन गरिएको छ  ।
- छाडा चौपायाको व्यवस्थापनको लागि रातेखारामा गौशाला व्यवस्थापन कार्य सुरुवात गरिएको छ  ।
- जग्गाको कित्ता काट  सहज बनाउन भु उपयोग निति अनुसार जग्गा वर्गिकरण गरिएको छ  ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरर्गत खरका छानालाइ विस्थापित गरी ९१ घरधुरीलाइ टिनको छानाले विस्थापित गरिएको छ  ।
- प्रधानमन्त्री रोजगार र मूख्यमन्त्री रोजगार कार्यक्रम मार्फत वेरोजगारलाइ न्यूनतम रोजगार कार्यक्रम प्रदान गरिएको छ  ।
- राजश्व सुधारका लागि सुत्रमा राजश्व मोड्युलको विस्तार कार्यको थालनि गरिएको छ  ।

**नगरसभा सदस्य ज्युहरु,**

**नवार्चित भएको प्रथम बर्ष भएकोले हामिले लियका नितिहरुमा सन्तोषजनक कार्यान्वयन भइरहेको छ, तथापि यो पुर्ण भने होइन । आगामि दिनमा यो भन्दा उत्कृष्ठ कार्यसम्पादन गर्ने गरि म आ. ब. २०८०।०८१ को निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

## नीति तथा कार्यक्रमका आधार र प्राथमिकताहरु

- आवश्यकता पहिचान गर्दा नेपालको संविधान र विद्यमान कानुन अनुरुप स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यहरु तथा नेपाल सरकार र कर्णाली प्रदेश सरकारको आवधिक योजना तथा आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम र वजेटका प्राथमिकताहरुलाई आधारको रुपमा लिईएको छ ।
- बहुवर्षिय आयोजना तथा चालु आर्थिक वर्षका अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथामिकता दिईनेछ साथै वार्षिक कार्यक्रम तय गर्दा स्थानीय श्रोत, सीप र प्रविधिको प्रयोग हुने तथा रोजगारी सृजना गर्ने र टोल तथा समुदाय स्तरका आवश्यकता तथा चाहानाहरुलाई सम्बोधन हुने गरी आयोजनाको छनोट गरीनेछ ।

## आर्थिक विकास

### १. कृषि तथा पशुपालन

- निजी, सहकारी तथा समुहहरुको साझेदारीमा नगरपालिका क्षेत्र भित्रका नमुना योग्य कृषि र पशुपालन फर्महरु सञ्चालन गरिनेछ । परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्दै आधुनिक कृषि औजार मार्फत कृषकहरुलाई व्यवसायिक उत्पादनमा प्रोत्साहन गरिनेछ । व्यवसाय उन्मुख अगुवा किसानहरुलाई मल, विउ, तालिम तथा कृषि औजारमा अनुदान उपलब्ध गराउनुका साथै बजार व्यवस्थापन तथा कृषि तथा पशुबिमाका लागि प्रोत्साहन गरिनेछ । वातावरण अनुकूलको कृषि उत्पादनमा जोड दिईने छ ।
- स्थान विशेषको आधारमा उत्पादन पकेट क्षेत्र निर्धारण गरी खाद्यान्न, तरकारी, फलफूल आदिको उत्पादन संभाव्यता अध्ययन अनुसन्धान,संकलन,प्रशोधन,भण्डारणको उचित व्यवस्था मिलाईने छ ।
- कृषिमा आधुनिक प्रविधिको अवलम्बन गरी कृषि, पशुवस्तुको उत्पादन, उत्पादकत्व र सामुहिक बजारिकरण प्रवर्द्धन गरिनेछ । यसका लागि निजिक्षेत्र तथा संघ संस्थाहरुसंग लागतसाझेदारीमा बहुबर्षिय कार्यक्रम संचालन गर्ने व्यवस्था गरिनेछ ।

- उत्पादित बस्तुहरुको भण्डारणका लागि चिस्यान केन्द्र निर्माण गर्न जग्गा प्राप्ती तथा बिस्तृत परियोजना प्रतिवेदन तयार पारी आवश्यक बजेट व्यावस्थापन गर्न संघ, प्रदेश सरकार र नगरपालिकाको पहलमा गरिने छ ।
- पशुपालन व्यवसायवाट उत्पादन हुने स्वस्थ र ताजा माछा ,मासु, अण्डा दुग्ध जन्य पदार्थहरु प्रशस्त मात्रामा उपलव्ध गराउन उत्पादन पकेट क्षेत्र निर्धारण गरि उत्पादन प्रर्वद्धन कार्यलाई निरन्तरता दिइने छ ।
- निजि क्षेत्र संगको सहकार्य र साझेदारीमा छाडा चौपाया नियन्त्रण तथा महामारी रोगको नियन्त्रणका लागि ईच्छुक साझेदारहरुलाई भौतिक सुधारको लागि आवश्यक सहयोग गरीनेछ ।
- नगरक्षेत्रमा रहेका कृषि उत्पादनलाई बढावादिन संभाव्यता भएको क्षेत्रको माटो परिक्षणगरि कहा के उत्पादन गर्न सकिने हो सोको विज्ञ मार्फत वैज्ञानिक अध्ययन गर्ने नीति लिइनेछ ।
- किसानहरुले मेहेनत गरी उर्वर बनाएको भिरालो वारिको मल र माटोको सुरक्षाकोलागि खेतवारि गरा सुधारको योजना तर्जुमा गर्न सचेतना कार्यक्रमको नीति अबलम्वन गरिनेछ ।
- कृषि पेशालाई प्रतिस्पर्धात्मक, व्यावसायिक तथा सम्मानजनक बनाउनका लागि कार्यविधि बनाई सर्वोउत्कृष्ट तथा उत्कृष्ट कृषक छनोट गरी पुरस्कृत गरिनेछ ।
- संघिय तथा प्रदेश सरकारसंगको साझेदारीमा कृषि तथा पशुपन्छि विकासका कार्यकम संचालन गरिने छ ।
- वनगाडको पहिचानको रुपमा रहेको जरन धान, लहरे मास लगायतका रैथाने बाली पहिचान, संरक्षण तथा विस्तार गरिने छ ।

## २. उद्योग तथा वाणिज्य

- विभिन्न प्रकारका आयमूलक तथा रोजगारीको अवसर सृजना गर्न सवै क्षेत्र र वर्गहरुको लागि सीप विकास तथा क्षमता विकास तालिमहरु संचालन गरीने छ ।
- लघु उद्यम विकास कार्यक्रम संचालन गरी साना घरेलु तथा लघु उद्यम समुह तथा सहकारीलाई आर्थिक प्राविधिक सहयोगको व्यवस्था मिलाईने छ ।
- नगरभित्र संचालनमा रहेका विभिन्न घरेलु उद्योग तथा व्यावसायहरुको लगत अद्यावधिक गरी अझै व्यवस्थित र उत्पादनमुखी बनाउन कार्यविधिको आधारमा आर्थिक तथा प्राविधिक सहायत प्रदान गरीनेछ ।

- विभिन्न जातजाती, दलीत तथा पिछडिएका वर्ग महिलाहरुको लागि सिपमा आधारित घरेलु उद्योग व्यवसायको व्यवस्थापन तथा यस कार्यको लागि आवश्यक पर्ने आर्थिक कोष व्यवस्थापन समेत गरीने छ ।
- माटोका भाँडाकुडा, खेलौना, मूर्ति, डोरी, मुढा, ढाँका कपडा वुनाई, सिलाई कटाई, अचार, सेलरोटी आदि व्यवसाय सञ्चालनका लागि आवश्यक तालिमको व्यवस्था मिलाईने छ ।
- होटल व्यावसायलाई थप व्यवस्थित र व्यावसायिक वनाउन तालिमको व्यवस्था गरिनेछ ।

## ३. पर्यटन

- नगर भित्र रहरेका सवै प्रकारका पर्यटकिय, ऐतिहासिक, पुरातात्वीक तथा धार्मिक साँस्कृतिक सम्पदाहरुको लगत अध्यावधिक राखिनेछ ।
- विभिन्न ऐतिहाँसिक सम्पदाहरुको पुन: निर्माण वा जिर्णोद्धारमा लगानी गरीने छ । यस्तो कार्यमा विज्ञ तथा विशेषज्ञहरुको समेत राय परामर्श लिई स्थानिय मठ,मन्दीर, गुफाहरुको पौराणिक,सांस्कृतिक,ऐतिहाँसिक कलात्मक स्वरुप र महत्वलाई कायमै राखिने छ ।
- परम्परागत भाषा, लिपी,जात्रा,पर्व, कलासंस्कृति जस्तै वनगाडी टप्पा, सिंगारु नाच, लहरे नाच, झारी गित लगायतको संरक्षण जगेर्ना गरीने छ ।
- पर्यटन क्षेत्र आर्थिक मेरुदण्डको रुपमा रहेकोले कुपिण्डे ताल संरक्षण, पर्यटकिय गतिविधी बढाउन आवश्यक थप भौतिक पूर्वाधार निर्माण, होमस्टे स्थापना तथा सञ्चालन र त्यसको दीगो व्यवस्थापनकोलागि नगरपालिका आफै तथा अन्य क्षेत्रिय एवं राष्ट्रिय सरोकारवाला निकाय ( पर्यटन वोर्ड, टुर्स एशोसिएशन, ट्राभल्स एशोसिएशन) सँग समन्वय गरि थप योजनासाथ राष्टकै पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

## ४. सहकारी

- वनगाड कुपिण्डे नगरपालिकामा सहकारी ऐन बमोजिम सहकारी संस्थाहरु दर्ता गरी नागरिकहरुको आर्थिक तथा समाजिक विकासमा जोड दिईने छ ।
- स्थापना गरिएका सवै सहकारी संस्थाहरुको आवश्यक नियमन गरी सहकारीहरुले आफ्नो वित्तिय तथा कार्य प्रतीवेदन नगरपालिकामा ६।६ महिनामा पेश गर्ने व्यवस्था मिलाइने छ ।

- आर्थिक विकासका क्रियाकलाप संचालन गर्न सहकारीहरुसंग आवश्यकता अनुसार साझेदारी गरिने छ ।

## ५. वित्तिय क्षेत्र

- बैदेशिक रोजगारी तथा अन्य श्रोतबाट प्राप्त आम्दानीलाई बचत तथा उचित परिचालन गर्न वित्तिय साक्षरता कक्षा संचालन गरिने छ । साथै व्यावसायमा आबद्ध व्यक्तिहरुलाई बैक तथा वित्तिय संस्थाहरुबाट सहज रुपमा कर्जा प्राप्त गर्ने व्यवस्था गर्न सम्बन्धित निकायहरुसँग समन्वय एवं सहजिकरण गरिनेछ ।

## सामाजिक विकास

## १. शिक्षा

- नगर भित्रका प्रत्येक विद्यालयहरुमा समय सापेक्ष वैज्ञानिक तथा प्राविधिक शिक्षा प्रणाली विकास गरीने छ । नगर भित्र प्राविधिक तथा व्यवसायिक शिक्षालय स्थापनाका लागी आवश्यक पहल चालिनेछ ।
- विद्यालयहरुको भौतिक संरचना, खानेपानी, शौचालय जस्ता आधारभुत पुर्वाधारहरु निर्माण गरिने छ ।
- सामुदायिक विद्यालयबाट सोही बर्ष एस.इ.इ. गरि ३ बर्षे प्राविधिक शिक्षा अध्ययनको लागि प्रथम बर्षमा भर्ना भएकामध्ये कम्तीमा २ जना विद्यार्थिलाई अध्ययन छात्रवृति प्रदान गर्ने व्यवस्था मिलाउने ।
- नगर भित्र रहेको विद्यालय तथा क्याम्पसहरुको निरन्तर रुपमा स्तर बृद्धि गर्दै स्थानिय स्तरमानै उच्च शिक्षा प्राप्त गर्ने वातावरणको लागि पहल गरिनेछ ।
- पालिका भित्रका सामुदायिक विद्यालयहरुमध्ये कुनै एक माद्यामिक विद्यालयलाई विस्तारै नमुना विद्यालयको रुममा विकास गर्न आवश्यक कार्यविधि तयार गरिने छ र अन्य पुर्वाधारहरु समेत विकास गर्दै लगिने छ ।
- हरेक वर्ष कम्तीमा १ पटक शिक्षक तथा अभिभावकहरु विचमा शैक्षिक अन्तक्रियाको आयोजना गर्ने।
- भौगोलिक अवस्था, विद्यालय पुर्वाधारको अवस्था तथा विद्यार्थी संख्याको आधारमा विद्यालय गाभ्ने,देखी स्तर घटाउने स्तर बढाउन कार्य गरिनेछ शिक्षक दरवन्दीको लेखाजोखा गरी शिक्षकहरुको दरवन्दी मिलान तथा काजसरुवा व्यवस्थापन गरिनेछ साथै अपुग शिक्षकहरु पालिकाले व्यवस्था मिलाउने छ ।

- शिक्षाको गुणस्तर अभिवृद्धि गरि सक्षम, सवल र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न नगर भित्रका सामुदायिक माध्यामिक विद्ययालयमा अंग्रेजी माध्याममा पठनपाठनको सुरुवात गरिनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण भई सकेको र अव सो को पठन पाठनमा सहजताको लागि पाठ्यपुस्तक तयार गर्ने कार्यलाई अगाडी बढाइने छ।
- समावेशी, सुचना प्रविधिमैत्री तथा गुणस्तरिय शिक्षामा सबैको पहुँच प्रवर्द्धनको लागि पालिका शिक्षा क्षेत्रको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिने छ र सोही अनुसार क्षिशा क्षेत्रलाई विकास गर्दै लगिने छ ।
- सुचनासञ्चार तथा अन्य छापाकार्यमा सहजता ल्याउन पालिका भित्रका सबै आधारभुत तथा मा.वि. विद्यालयहरुमा कम्तिमा १ वटा कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिने छ र विद्युत लाइन नपुगेको विद्यालयहरुमा बैकल्पिक उर्जाको समेत व्यवस्था गरिने छ ।अर्कोबर्ष यो कार्यक्रम प्रा वि तहमा समेत लागु गरिने छ ।
- पञ्चबर्षिय शैक्षिक योजनाको आधारमा  शैक्षिक कार्यकम तथा योजनाहरु कार्यान्वयन गर्दै लगिने छ ।
- शैक्षिक सुधारका लागि शिक्षक घुम्ती वैठक संचालन, पालिका तथा वडास्तरमा पढाइमेला संचालन, बिज्ञान प्रदशनि साथै अन्तर विद्यालयस्तरका शैक्षिक प्रतिस्पर्धा गराउने नीति लिइने छ ।

## २. स्वास्थ्य

- नगर क्षेत्रभित्र निर्माणाधिन १५ सैयाको आधारभूत अस्पतालको निर्माण कार्यलाइ द्रुत गतिमा अगाडी बढाइने छ ।
- आवश्यकता अनुसार बर्थिङ सेन्टर, सहरी स्वास्थ्य केन्द, आयुर्वेद औषधालय तथा  खोपकेन्द्रहरु विस्तार गरी दक्ष स्वास्थ्यकर्मी तथा पर्याप्त औषधिको व्यवस्था गरिने छ ।
- विशेषज्ञ डाक्टर सहितको निशुल्क घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिने छ ।
- परिवार नियोजन,सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य, वाल स्वास्थ्य, सुनौला हजार दिन, क्षयरोग नियन्त्रण, यौन रोग र एच आई भि एड्स नियन्त्रण, कुष्ठरोग नियन्त्रण, लागु औषध तथा दुर्व्यसन, वातावरणीय स्वास्थ्य र सरसफाई, दिर्घरोग सम्बन्धमा निरोधात्मक, प्रवर्धनात्मक र

उपचारात्मक कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिदै जानेछ । साथै मेरो स्वास्थ्य मेरो पोषण कार्यक्रम लागुगरिनेछ ।

- महामारी तथा संक्रामक रोग नियन्त्रण तथा रोकथामका लागि आवश्यक पुर्वतयारी गरिने छ ।
- महिला स्वास्थ स्वयंसेविकाहरु, आमा समूहहरुको लागि आवश्यक प्रशिक्षणको व्यवस्था गरीनेछ ।
- स्वास्थ्य चौकिहरुमा हाल रहेको जनशक्तिलाई विकेन्द्रित गरि स्वास्थ्य सेवालाई सबैको पहुँच पुर्याउन शहरी स्वास्थ्य क्लिनिक सञ्चालनगर्ने नीतिलाई निरतरता दिइनेछ ।
- मानसिक स्वास्थ्यको संवेदनशिलतालाई मध्यनजर गरी मानसिक स्वास्थ सम्बन्धी परामर्श सेवालाई सम्पुर्ण स्वास्थ्य चौकी तथा माध्यामिक विद्यालयहरुमा विस्तार गरिने छ।
- सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य प्रबर्द्धन कार्यक्रम सञ्चालन गरिने छ ।
- पोषणमैत्री स्वास्थ्य सँस्था घोषणा तथा पुर्ण सँस्थागत सुत्केरी वडा घोषणा जस्ता कार्यक्रमहरु सञ्चालनमा जोड दिइने छ ।
- नियमित रुपमा गर्भजाच गरेका पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई थप भत्ता दिईनेछ ।

### ३. खानेपानि तथा सरसफाई

- नगरपालिकाका बजार क्षेत्रहरुमा सार्वजनिक शौचालयहरुको निर्माण गरीने छ ।
- समुदाय स्तरमा शहरी सरसफाई जनचेतनामूलक कार्य गरीने छ ।नगरस्तरिय सरसफाइ अभियानलाई निरन्तरता दिइने छ । साथै पुनः प्रयोग गर्न सकिने फोहरवाट विभिन्न सामग्रीहरु वनाउन सकिने तालिम संचालन गरीने छ यस्को लागि निजि तथा गैह्र सरकारी क्षेत्रसंगको साझेदारीलाई प्राथामिकता दिईनेछ ।
- हाल संचालन आईरहेको फोहर मैला व्यवस्थापन प्रक्रियालाई अझै व्यवस्थित गराईने छ र नयाँ ल्याण्डफिल्ड साइट निर्माणका लागी आवश्यक व्यवस्था गरिनेछ ।
- खानेपानीको आपूर्ति सहज वनाउन स्थानिय मूल, धारा पंधेरा संरक्षणमा जोड दिईने छ । साथै आवश्यक स्थानहरुमा लिफ्ट खानेपानी योजना सञ्चालन गर्न संघ र प्रदेश सरकारसंग आवश्यक वजेट व्यवस्थापनका लागी पहल गरिने छ ।

- खानेपानि तथा सरसफाईलाई प्रभावकारि बनाउन नगरक्षेत्र भित्र कार्यगरिरहेका वा कार्य गर्न इच्छुक अन्य सरकारी तथा गैरसरकारी निकायसँग समन्वयगरी कार्य सञ्चालन गरिने छ ।
- खानेपानिका मुलहरु संरक्षण गरी बढ्दो खानेपानिको समस्या समाधान गर्न नगरक्षेत्र भित्रका अग्ला टाकुरा, सार्वजनिक क्षेत्रहरुलाई वातावरणीय जोखिम नहुने (पहिरो नआउने तथा भुक्षय नहुने) गरि **रिजार्ज पोखरिहरु** निर्माण गरिने छ ।
- खानेपानि तथा सरसफाइका क्षेत्रमा SUSWA संगको साझेदारीमा आ.व.२०८०।८१ बाट कार्यन्वयन हुने कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ। उक्त कार्यक्रमले नसमेटिने खानेपानिका आयोजनाहरु पालिकाको पहलमा संरक्षण गरिने छ।
- मापदण्ड पुरा भएका वडाहरुको लागि पुर्ण सरसफाईयुक्त वडा घोषणा कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## ४. संस्कृति प्रवर्द्धन

- नगरपालिका भित्र वसोवास गर्ने सवै जात जाती धर्म समुदायहरु वीच रहेको परम्परागत कला, संस्कृती, भेषभुषा, मातृभाषा आदि लाई नगरकै शोभाको रुपमा लिई संरक्षण तथा जगेर्ना गर्ने कार्य गरीने छ । यस क्षेत्रलाई परीचित गराउने वनगाडी टप्पा नाच र लहरे नाचको संवर्द्धन र प्रवद्धनको लागि आवश्यक नीति लिइएको छ ।
- कला तथा संस्कृति संग जोडिएका विषयहरुको विकासको लागि क्रियाशिल युवा क्लव तथ अन्य संघ संस्था, समूहहरुलाई उपकरणहरु उपलब्ध गराउने र सहकार्यमा जोड दिईनेछ ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- बालबालिकाको सर्वाङ्गिण विकासलाई टेवा पुर्याउन **बाल क्लव, बाल समूहहरुलाई क्रियाशिल** बनाइ उनिहरुको संस्थागत विकास गर्ने नीति लिइनेछ ।
- दक्षिण एशियामै गलत अभ्यासको रुपमा रहेको **बालविवाह न्युनिकरण** गर्न यसको असर, प्रभाव तथा भविष्यमा हुने हानि बिषयमा शिक्षक, विद्यार्थि, अभिभावक, पण्डित (विवाह गराउने ब्राहमण), अभिभावक, जनप्रतिनिधी, प्रहरी बिच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ । साथै बाल संरक्षण नीति, बालश्रम विरुद्धको रणनीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।

- समुदायमा पछाडी परेका वर्ग क्षेत्र जाति, लिङ्गहरुको राज्यको हरेक क्षेत्रमा पहुँच अभिवृद्धि गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति निर्माण गरि तदनुरुप कार्य सञ्चालन गरिने छ ।
- अपांगता भएका व्यक्तिहरुको समूह लगायत अन्य सरोकारवालाहरुलाई अपांगता अधिकार सम्बन्धि सचेतना, अभिमुखीकरण तथा तालिम कार्यक्रम । स्थानीय तहमा अपांगतामैत्री भौतिक संरचनासम्बन्धि आचारसंहिता निर्माण तथा सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपांगता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण कार्यक्रम, स्वर बोलाई सम्बन्धि अपांगता भएका व्यक्तिहरुका लागि बोली उपचार (speech therapy) कार्यक्रम, अपांगता भएका विद्यालय उमेरका बालबालिकाहरुलाई शैक्षिक सामाग्री वितरण (विशेषगरी न्यून आर्थिक अवस्था भएका अभिभावकका बालबालिकालाई) गरिनेछ ।
- बेरोजगार अवस्थामा रहेका अपांगता भएका वयस्क महिला तथा पुरुषलाई सीपमूलक तालिम कार्यक्रम, सेवा प्रदायकहरुलाई अपांगतामैत्री सेवा प्रवाह सम्बन्धि अभिमुखीकरण तथा तालिम,अति जटील शारीरिक तथा मानसिक अपांगताका कारण अरुको पूर्ण सहारामा जिउन बाध्यभएका व्यक्तिहरुलाई आर्थिक अवस्था हेरी विशेष सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।
- पालिकास्तरमा अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण तथा प्रवर्द्धनको लागि नीति तथा कानून निर्माणको साथै, जेष्ठ नागरिक सम्मान कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- जेष्ठ नागरिक मध्य पनि अति अशक्तहरुकोलागि सामाजिक सुरक्षा भत्ता, घरघरमा पुर्याउने नीति अवलम्बन गरिने छ ।

**६. खेलकुदः**

- खेलकुद क्षेत्रको विकासका लागि वडास्तरिय खेलकुद प्रतियोगिता र नगरपालिका स्तरिय खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ ।
- नगरस्तरिय खेलकुद संचालन तथा व्यवस्थापन गर्न नगरस्तरिय खेलकुद समिति गठन गरी आवश्यक क्रियाकलाप संचालन गरिने छ ।
- पालिकास्तरिय खेलमैदान आगामी बर्षमै निर्माण गर्न पहल गरिने र वडा स्तरिय खेलकुद मैदान क्रमस निर्माण गर्दै जाने नीति लिइने छ ।

**पुर्वाधार विकास**

**१. सडक तथा पुल**

- नगर यातायात गुरुयोजनालाई अझ व्यवस्थित गर्दै निर्माण भएका सडकहरुको स्तरोन्नती तथा सुधारलाई प्राथमिकता दिइने छ ।
- नगर भित्रका विशेष गरी वडा मुकाम सम्म जोड्ने सडकलाई बाह्रैमास संचालन हुनेगरि स्तरोन्नती गरिने छ ।
- नगरपालिकाका सवै वडाहरुलाई नगर केन्द्रसंग र अन्तर वडा सडक संन्जाल निर्माण गर्दै अन्य छिमेकी न.पा. र गा.पा. संग सडक सञ्जाल जोडीनेछ र जोडिएकालाई स्तरोन्नती गरिनेछ ।
- पर्यटकिय स्थल र सडक सञ्जाल नपुगेका बस्तिहरुलाई सडक सञ्जालभित्र जोडिने छ ।
- नगर क्षेत्र भित्रका सडक, ढल, सडक वत्ती, खानेपानी, टेलीफोन, विद्युत लगायतका भौतिक पूर्वाधारहरुको अभिलेख अद्यावधिक राखि आवश्यकता अनुसार बजार क्षेत्रमा सडक वत्तिको व्यवस्था गरिने छ ।
- नगरक्षेत्र भित्रका जग्गाको लागत लिएर सडक डिभिजन कार्यालय, मालपोत कार्यालय र नापि कार्यालयको समन्वयमा सडकहरु मापदण्डमा उल्लेख भए अनुसार चौडा गर्ने कार्य गरिनेछ ।
- सार्वजनिक प्रर्ती जग्गाहरुको लगत अध्यावधिक गरीनुका साथै संरक्षण र उपयोग सम्बन्धि योजना तर्जुमा गरी कार्यान्वयन गरीनेछ साथै अतिक्रमण भई भोगचलन भएका पर्ति जग्गाहरुलाई कानुनको दायरामा ल्याई यस नगरपालिकाको आर्थिक ऐन बमोजिम राजश्व असुली गरिनेछ र सोहि अनुसार राजश्व परीचालन नीति तयार गरि कडाईका साथ कार्यान्वयन गरीनेछ ।

- नगरको विभिन्न स्थानहरुमा रहेका साना खहरे खोलाको कारण बर्षातको समयमा आउजाउ गर्न असहज हुने र विद्यार्थिको पठनपाठन समेत प्रभावित हुने तथा नागरिकको दैनिकलाई पनि असर पुर्याउने भएकोले आवश्यक देखिएका स्थानहरुमा नगरपालिका तथा स्थानीयको जनश्रमदानमा पुलपुलेसा निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

## २. सिंचाई

- नगरपालिका क्षेत्रमा सिंचाई सुविधा विस्तार तथा मर्मत संभार गर्न तथा सवै खेती योग्य जमिनमा सिंचाई सुविधाको आवश्यक व्यवस्था मिलाईनुका साथै ठुला सिचाई योजनाको लागि केन्द्र र प्रदेश सरकार संगको समन्वयमा वजेट व्यवस्थापन गरिने छ ।
- भूमिगत ट्यूववेल, लिफ्ट सिचाई र नँया प्रविधिमा आधारित सिंचाईका माध्यमबाट स्थल विशेष नदी नियन्त्रण कार्यक्रम का साथै सिंचाई मर्मतसंभारका कामहरु गरिने छ । उक्त कार्यको लागि रकम विनियोजन गरिने छ ।

## ३. भवन तथा सहरी विकास

- आफ्नो स्वामित्वमा जग्गा उपलब्ध भइसकेका वडा कार्यालयहरुको भवन निर्माण कार्यलाई निरन्तरता दिइने छ।
- बनगाड कुपिण्डे नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाहको सुरुवात गरिनेछ ।
- नक्सापास नगरी वनाइएका भवनहरुको अभिलेखकिरण गर्न सूचना प्रवाह गरीने छ । तोकिएको समयभित्र अभिलेखिकरण नगर्ने घर धनीहरुलाई कानून वमोजिम कारवाही गरीने छ ।
- नगरपालिकासँग उपलब्ध उपकरणहरु ( डोजर, ट्रिपर,स्काभेटर) प्रयोग गरि नगरक्षेत्रभित्रका भौतिक पूर्वाधारहरुलाई नियमित मर्मत सम्भार गरिने छ ।
- विद्यार्थी संख्याको आधारमा कक्षाकोठा नपुगेका विद्यालयहरुमा भवन निर्माणका साथै अन्य पुर्वाधारहरु निर्माण गरिने छ ।
- नयाँ भवन निर्माण हुन नसकेका स्वास्थ्य चौकीहरुमा बजेटको लागि संघिय सरकार समक्ष माग पेस गरिने छ ।
- आफ्नो स्वामित्वमा जग्गा नभई भवन निर्माण कार्य हुन नसकेका वडा स्वास्थ्य संस्थाहरुको लागि जग्गा प्राप्ति कार्य गरिने छ र अर्को बर्ष निर्माण थालनि गरिने छ ।

४.सञ्चार

- स्थानिय संचारकर्मी, संचारगृह, पत्रकारीताको संस्थागत विकास एवं क्षमता विकासको लागि आपसी समन्वय र  सहकार्यमा कार्य सुचारु गरीनेछ ।
- नगरबासी कुनै व्यक्ति वा शहकारी संस्था वा समूहले F.M. रेडियो स्थापना गर्न चाहेमा आवश्यक सहयोग उपलव्ध गराईनेछ ।
- नगरक्षेत्र भित्र इन्टरनेट र टेलिफोन सेवालाई प्रभावकारी वनाउन सेवा प्रदायकहरुसंग समन्वय गरिने छ ।

५.उर्जा, लघु तथा साना विद्युत

- पहिचान गरिएका नगर भित्रका मुख्य व्यापारिक क्षेत्रमा प्रभावकारी सडक वत्ती जडान गरीने छ ।
- नगरपालिकामा पुर्ण विद्युतिकरण गर्न नेपाल विद्युत प्राधिकरण, खानेपानी जलश्रोत तथा उर्जा कार्यालयसंग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

वातावरण तथा विपद् व्यवस्थापन

१. बन तथा भू संरक्षण,

- नगरपालिकामा क्षेत्र भित्रका नाङ्गो डाँडा र पाखाहरु आवश्यकताका आधारमा वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ ।
- वन पैदावार तथा जडीबुटी उत्पादन कार्यलाई प्राथमिकता दिइनेछ । सोका लागि समुदायिक वन उपभोक्ता समितीहरुसंग साझेदारीमा गतिविधी संचालन गरिने छ ।
- नगर क्षेत्र भित्र नर्सरी व्यवसाय संचालन गर्ने व्यवसायीलाई व्यवसाय गर्न आवश्यक रकम साझेदारी गरीनेछ ।
- पारिस्थितिकिय प्रणालिमा आधारित अनुकुलन आयोजनाको कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।

२. जलाधार संरक्षण र वातावरण संरक्षण

- पानीका स्रोत व्यवस्थापन एवं उचित उपयोग / संरक्षण गर्न पानीका मुहानहरुको नक्सांकन तथा गुणस्तर मापन गरि योजनागत तवरले कार्यान्वयन गरिनेछ।

३. जलवायु परिवर्तन

- जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्न पारिस्थितीकिय प्रणलीमा आधारित अनुकुलन आयोजना लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

## ४. फोहरमैला व्यवस्थापन

- फोहरमैला व्यवस्थापनको पक्षलाई व्यवस्थित गर्न कुहिने तथा नकुहिने फोहोरलाई श्रोत मै वर्गीकरण गरि फोहोर व्यवस्थापनलाई वैज्ञानिक बनाइने छ । फोहोर विर्सजन केन्द्रलाई व्यवस्थित बनाउन आवश्यक पूर्वाधार निर्माण गरिने छ ।
- फोहोरमैला व्यवस्थापनलाई दिर्घकालिन बनाउन **फोहोरमैला व्यवस्थापन योजना** (**Waste Management Plan**) निर्माण गरिने छ ।

## ६. जलउत्पन्न प्रकोप नियन्त्रण

- खोलानाला आसपासका खेतियोग्य जमिनको सुरक्षा गर्न नगरक्षेत्रभित्र जोखिममा रहेका सबै वडाहरुको खोला नालालाई नियन्त्रण गर्न तटबन्ध निर्माण एवं सञ्चालन गर्न आवश्यक बजेट छुट्टयाउने नीति लिइनेछ ।

## ७. विपद व्यवस्थापन

- महामारी तथा संक्रामक (कोभिड, डेङगु, तथा अन्य आकस्मिक महामारी रोग) रोग नियन्त्रणका लागी नागरिक, सरोकारवाला निकायहरु तथा स्थानीय सरकारको समन्वयमा रोकथाम गर्न तयारी गरिने छ ।
- नेपाल भुकम्पिय जोखिममा रहेकोले नगरक्षेत्र भित्रका नागरिकहरुको सुरक्षित बसोबासको संवैधानिक अधिकार सुनिश्चित गर्न **भुकम्प प्रतिरोधि घर निर्माण** कालागि सबैवडा बाट प्रतिनिधित्व हुन`गरि डकर्मिहरुलाई तालिम प्रदान गर्ने कार्य निरन्तरता दिइनेछ ।

- प्रत्येक बर्ष गर्मियाममा लाग्ने डढेलो न्यूनिकरण गर्न सबै वडाहरु एवं वस्तिहरुमा वडा अध्यक्ष तथा वडा सदस्यहरुको संयोजकत्व र सबै वस्तिका सचेत नागरिकहरुको पहलमा समूह निर्माणगरि **डढेलो न्यूनिकरणमा समुदायको योगदान** कार्यक्रम सञ्चालन गरिनेछ ।

- विपदहरुको रोकथाम तथा न्यूनीकरणको लागि पुर्व तयारी, प्रतिकार्य राहत र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिनेछ।
- पूर्वाधार विकासका क्रियाकलापहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखि कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ।
- वाढी, पहिरो लगायत अन्य प्राकृतिक प्रकोपहरुले क्षती हुनसक्ने स्थानहरुको पहिचान गरी नियन्त्रणका उपायहरु पहिचान गरिनेछ।
- नगर भित्रका सवै सरोकारवालाहरुको सहकार्यमा वन तथा वाताबरण सम्बन्धि आवश्यक कार्यहरु गरीनेछ र  जलाधार र वृक्षारोपन मुहान संरक्षण र फिल्टर पोखरीको निर्माण गरिने छ तथा माग र संभाव्यताको आधारमा अन्य स्थानमा पनि संचालन गरीने छ।
- वाताबरणीय प्रभावलाई कम गर्न व्यापक रुपमा वृक्षारोपण तथा संरक्षण कार्यलाई प्राथमिकतामा राखी कार्य गरीने छ ।
- विकास निर्माण कार्य मासामाजिक र वातावरणीय योजना, जलवायु परिवर्तन अनुकुलनसाथै जोखिम न्यूनीकरणलाइ मूलप्रवाहीकरण गरिनेछ ।
- कुनै पनि विकास निर्माण कार्य पुर्व **वातावरणीय एवं सामाजिक अध्ययन** स्वीकृति लाइ अनिवार्य गराइने छ ।
- **भूउपयोग योजना क्रमशः** कार्यान्वयनमा ल्याइने छ ।

## सुशासन तथ संस्थागत विकास

- कार्यपालिकाको कार्यालय वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई प्रविधि मैत्रि वनाइनेछ।
- स्थानीय तहको आन्तरीक आय, अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व वांडफांड तथा रोयल्टी रकममा आउनसक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयूक्त आकारको वजेट तर्जुमा गरीनेछ।
- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्यूनतम प्रशासनीक खर्चको लागि वजेट विनीयोजन गरी प्रशासनीक संरचना र कार्यलाई मितव्ययी वनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गरीनेछ।
- आर्थिक क्रियाकलापहरुको दुरुस्त अभिलेख राखिने छ।
- नगरपालिकाका गतिविधि तथा क्रियाकलापहरु नियमित रुपमा वेभसाइट तथा सूचनापाटी मार्फत सार्वजनिक गरीने छ।

- वहुवर्षिय खर्च र राजस्व पूर्वानुमान पद्धतीको आधारमा वजेट तथा कार्यक्रको तर्जुमा गरीने छ।
- नियमानुसार आन्तरिक तथा अन्तिम लेखापरिक्षण तोकिएको समयमानै गराइने छ।
- प्रचलित कानून वमोजिम लेखा प्रणालीलाई दुरुस्त राखिने छ र सम्पन्न आयोजनाहरुको कार्यमूलक लेखापरिक्षण गरीनेछ।
- नगरपालिका तथा सवै वडा कार्यालयहरुमा सुझाव पेटीका, गुनासो सुनुवाई पुस्तिका, नागरिक वडापत्र, हेल्पडेस्क, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाई सुशासनयुक्त नगरपालिकाको निर्माण गरिनेछ।
- कर्मचारी इ हाजिरीको व्यवस्था गरिने छ।
- नगर तथा वडाहरुवाट सम्पादित सवै कामहरुको वारेमा जनताहरुलाई सूसुचित गर्नको लागि प्रत्येक चौमासिकमा अनिवार्य रुपमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरीनेछ।
- जन्म, मृत्यू तथा बसाइसराइको अभिलेखलाई चुस्त दुरुस्तरुपमा राखिने छ ।
- म.ले.प. को प्रतिवेदन औल्याइएको नियमित गर्नुपर्ने प्रकृतिका बेरुजुलाई नियमित गर्न आवश्यक कार्य गरिनेछ र असुल उपर गर्नुपर्ने प्रकृतिका बेरुजुलाई असुल उपर गरी बेरुजु न्यूनिकरण गरिने छ ।
- नगरपालिकाको कार्यसम्पादनलाई प्रभावकारी तथा चुस्त बनाउन आवश्यक ऐन, नियमावली, नीति, निर्देशिका निर्माण गरी लागु गरिने छ ।
- सार्वजनिक सम्पत्तीको संरक्षण गर्नु सबैको कर्तव्य हो।सार्वजनिक सम्पत्ती माथि बारम्बार आक्रमण हुने तथा कार्यालय परिसर भित्र अनावश्यक व्याक्ति प्रवेश गरी हुलहुज्जत गर्ने गरिरहेको हुदा शान्ति सुरक्षा तथा राजश्व व्यवस्था कायम गर्न नगरप्रहरीको व्यवस्था गरिने छ ।

## न्याय क्षेत्र

- न्याय सम्पादनलाई छिटो, छरितो, पारदर्शी र विश्वसनीय बनाइने छ भने मेलमिलाप कर्ताको व्यवस्थापन गरी प्रत्येक वडाहरुका विवाद मिलाउने व्यवस्था बनाइने छ।
- न्यायिक समितिका पदाधिकारी तथा मेलमिलामकर्तालाई क्षमता विकास तालिमको व्यवस्था गरिने छ।
- न्यायिक समितिको कार्यालयलाई चुस्त एवम व्यवस्थित बनाउन आवश्यक सामाग्री तथा उचित प्रविधिको व्यवस्थापन गरिने छ।

अन्त्यमा

वनगाड कुपिण्डे नगरपालिकालाइ विगतको ऐतिहासिक, साँस्कृतिक समुन्नत विरासतलाई इतिहास वर्तमान र भबिष्य सङ्ग जोड्दै समृद्धी तर्फ लैजाने जनताको सापेक्ष विकासका चाहना पुरा गर्ने स्थानिय सरकार र स्थानिय जनता बिचको सम्बन्ध कायम गर्ने, आधुनिक प्रबिधि र मौलिक पहिचानको समिश्रण बाट बनगाड कुपिण्डे नगरपालिकालाई सफा,, सुन्दर, स्वच्छ, सुरक्षित, निष्पक्ष, न्यायपुर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै यस नगरपालिकाले अघि सारेको प्रस्तुत निति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, कर्णाली प्रदेश सरकार, ,विकाश साझेदार हरु निजि क्षेत्र,,अन्तरास्ट्रिय दातृ निकाय ,नगरपालिकाका कर्मचारी ,सम्पुर्ण वनगाडि जनसमुदाय , बुद्धिजिवी एवम प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछौ ।

**धन्यबाद ।**